माया र सल्लाहको खाँचो

सुप्रभात भण्डारी

विगत ८४ वर्ष अगाडिदेखि विद्यालय शिक्षाको फलामे ढोका भनेर चिनिने गरेको हालको एसईई परीक्षा अझै पनि यसको समाजमा उच्च महत्त्व रहिआएको छ। पहिले प्रवेशिका परीक्षा भनेर चिनिने पछि आएर एसएलसी र हाल आएर कक्षा १० को अन्त्यमा लिइने राष्ट्रिय परीक्षालाई एसईई भनिन्छ। परीक्षा गतवर्ष २०७४ मा सञ्चालित भई केही दिनअघि यसको नतिजा सार्वजनिक भएको छ।। पहिले-पहिले कक्षा १० नै विद्यालय तहको अन्तिम तह हुने र त्यसपछिको तहलाई उच्च शिक्षाको ढोका याने विश्वजिद्यालय शिक्षाको तल्लो तहको रूपमा लिइन्थ्यो। आजभोलि विद्यालय तहको संरचना पूर्वप्राथमिक तहदेखि कक्षा ८ सम्म आधारभूत तह र ९ देखि १२ सम्म माध्यमिक तह हुन गएको छ। तथापि कक्षा १० को अन्तिम परीक्षालाई राष्ट्रिय परीक्षाकै रूपमा अझै पनि लिने प्रचलन कायम रहेको छ। यस परीक्षाको मूल्यांकन विगतमा अंकको आधारमा हुन्थ्यो भने २०७२ सालदेखि यसलाई ग्रेडको आधारमा गरिने व्यवस्था बनेको छ।

२०७४ सालको एसईई परीक्षामा कुल ४ लाख ५१ हजार ५ सय ३२ विद्यार्थी सहभागी रहेकामा कसैलाई अनुत्तीर्ण नभने तापनि यस नतिजाका आधारमा डी र ई ग्रेड ल्याउने ७३ हजार १ सय २२ विद्यार्थीले सरासर माथिल्लो कक्षामा पढ्न पाउनेछैनन्। कुल परीक्षार्थीमध्ये ३ दशमलव ६५ देखि ४ जीपीए अर्थात् ए प्लस ल्याउने विद्यार्थीको संख्या जम्मा १४ हजार २ सय ३४ छ। यो कुल विद्यार्थीको ३ दशमलव १५ प्रतिशत हुन आउँछ।

मूल कुरो कक्षा १० को परीक्षापछि विद्यार्थीले पढ्ने कक्षा ११ र सो सरह नै भए तापनि विज्ञान, व्यवस्थापन मानविकी, शिक्षा, कृषि, वा सीटीईभीटीअन्तर्गतका नर्सिङ, फार्मेसी, सामान्य चिकित्सा, डिप्लोमा इन सिभिल, इलेक्ट्रिकल आदि नै अध्ययन गर्ने विषय हुन्। विदेशी

> विद्यार्थीले पनि विषय र स्कुल कलेज छनोटमा लहलहैमा नलागी राम्रोसँग सोचविचार गरेर आफूले पाएको ग्रेड, आफ्नो रुचि र आफ्नो परिवारको आर्थिक पृष्ठभूमिलाई ध्यान दिनु उपयुक्त हुनेछ।

कार्यक्रमअन्तर्गत ए लेभल जस्ता विषय पनि विद्यार्थीका छनोटका विषयमा पर्दछन्।

एसईईपछि विद्यार्थी र अभिभावकका बीच विषय छनोटमा अन्तर्द्वन्द्व बढेको पाइन्छ, कतिपय अभिभावकले आफ्नो इच्छाअनुसार आफ्ना छोराछोरीले पढिदिऊन् भन्ने चाहना बोकेको पाइन्छ। त्यसमाथि पनि धेरै अभिभावकको आफ्ना सन्तान डाक्टर इन्जिनियर नै बनिदिऊन् भन्ने चाहना रहेको पाइन्छ। मूलतः अभिभावकको आफ्ना सन्तान आफूले भनेझैं बनिदिऊन् भन्ने चाहना नराम्रो मान्न सकिँदैन तर आमाबाबुको आफ्नो इच्छाबमोजिम नै रोजेको विषय छोराछोरीले पढिदिऊन् भन्नुलाईचाहिँ पनि राम्रो मान्न सकिँदैन। अर्थात् विषयगतरूपमा हासिल गरेको दक्षता र रूचिलाई ध्यान दिएर आफ्ना सन्तानलाई विषय छनोटमा परामर्श दिनु उचित हुन्छ। विषय छनोटको जिम्मा विद्यार्थी आफैंलाई छोडिदिनु उचित हुन्छ, किनभने आजका विद्यार्थी आफ्नो भविष्यको बारेमा अब्बल भइसकेका हुन्छन्। उनीहरूलाई परामर्शको आवश्यकता पर्दछ र उनीहरूमाथि सामान्य निगरानी राख्नुपर्छ ताकि उनीहरू बिग्रन नपाऊन्। विद्यार्थीले पनि विषय र स्कुल कलेज छनोटमा लहलहैमा नलागी राम्रोसँग सोचविचार गरेर आफूले पाएको ग्रेड, आफ्नो रूचि र आफ्नो परिवारको आर्थिक पृष्ठभूमिलाई ध्यान दिनु उपयुक्त हुनेछ।

यतिबेला विषय छनोटले विद्यार्थीको भविष्यको बाटो निर्धारण हुने हुँदा उनीहरूलाई अभिभावकको विशेष माया र सल्लाहको भने खाँचो हुन्छ। साथसाथै हाम्रो अहिलेको प्रचलनअनुसार प्रायः विद्यार्थी आफूले पढेको स्कुलभन्दा अर्कै स्कुलमा पढ्न लालायित भएको पाइन्छ। तर एउटा कुरा अभिभावकमा पनि ध्यान जानु जरुरी छ कि धेरै पैसा तिरेर मात्र गुणस्तरीय शिक्षा पाइने हैन र बजारको हल्लाको भरमा विज्ञापनको होड वा जोडतोडले मात्र स्कुल याने कलेज राम्रो हुने होइन। यसका लागि स्कुल कलेजको विगतका बारेमा सामान्य जानकारी लिनु उचित हुन्छ र यसले स्कुल कलेजको छनोटमा मद्दत पुग्याउनेछ।

एसईई नै निर्णायक होइन

मुकुन्दराज शर्मा
प्रिन्सिपल

नेपालमा माध्यमिक परीक्षा अथवा मेट्रिक भनौं वा एसएलसी परीक्षा जसलाई हालैका वर्षदेखि एसईई भनेर चिनिएको छ। यसको इतिहास विसं. १९३८ देखि प्रारम्भ हुन्छ, अर्थात् १ सय ३६ वर्ष पुरानो छ। जतिबेला नेपालबाट मानिस भारतको कलकत्ताबाट नै मेट्रिक परीक्षा दिने गर्थे। पछि विसं १९८० सालदेखि भारतकै पटना पुगेर मेट्रिक दिन थालियो र विसं १९८७ मा पटनाले काठमाडौंमै केन्द्र राखेर परीक्षा सञ्चालन गरिदियो। विसं १९९० सालदेखि नेपालको आफ्नै परीक्षा बोर्ड सञ्चालनमा आयो र आजसम्म ८५ ब्याच विद्यार्थीले १० कक्षाको बोर्ड परीक्षा दिइसकेका छन्। प्रसंग नेपालमा मेट्रिक वा एसएलसी अथवा एसईई परीक्षाको ऐतिहासिक रूपरेखाको होइन, यसको परिवर्तित महत्त्वको हो। हामी शिक्षकवर्ग, अभिभावकलगायत सबैले झन्डै ४/५ वर्षअघिसम्म पनि एसएलसीलाई फलामे ढोका भन्ने गरेको सुनेकै हौं। १० कक्षाको बोर्ड परीक्षा देशभरि ठूलो महात्म्यजस्तो हुन्थ्यो, अझै पनि लगभग त्यस्तै छ।

छोराछोरीको एसएलसीको परीक्षाका बेला देश-परेदश गएका बाबुआमा पनि उनीहरूको मनोबल उच्च गराउन घर फर्कने गर्थे/गर्छन्। बोर्ड परीक्षाको नतिजा सार्वजनिक भएपछि झन्डै १ सातासम्म छरछिमेकमा उत्सवजस्तै खुसीयाली चलिरहन्छ। नतिजा राम्रो नभएमा ठूलो तनाव र नैराश्यताको वातावरण बन्दछ। आखिर यस्तो हुन्छ किन ? विद्यालय पढ्ने विद्यार्थी उत्तीर्ण-अनुत्तीर्ण त अन्य कक्षामा पनि भएकै हुन्छन्, तर त्यो बोर्ड परीक्षाको महत्त्व किन यति बिघ्न छ कि यसमा अनुत्तीर्ण हुनेले पहिले-पहिले त ज्यानैसम्म दिन्थे? के यो बुझाइको कमी हो ? कि यसको महत्त्व साँच्चिकै मान्छेको जीवनजत्तिकै महत्त्वपूर्ण हो ? प्रत्येक कक्षाको पढाइ जीवनको एउटा खुड्किलो हो। एउटा खुड्किलो भत्किए भन्याङको

> जब कुनै विद्यार्थीले १२ कक्षा उत्तीर्ण गर्छ, त्यसपछि ऊ डाक्टर बन्ने कि ? इन्जिनियर ? वकिल, अर्थशास्त्री, शिक्षाशास्त्री के बन्ने भन्ने कुराले मोड लिन्छ। पढाइ र जीवनको वास्तविक मोड लिने घुम्ती १२ कक्षा नै हो।

उक्लाई नै रोकिन्छ। त्यसकारण प्रत्येक कक्षाको पढाइलाई एकैनासको महत्त्व किन दिइँदैन ? यसमा एउटा सारतत्त्व के पनि हो भने, १०/१२ वर्षको सिकाइ उपलब्धि यसबेला राष्ट्रले नै नाप्छ र त्यो उपलब्धि राष्ट्रभरि सार्वजनिक गरिन्छ। यो कुनै एउटा शिक्षक वा विद्यालयको मात्र मूल्यांकन नभएर सिंगो देशकै शैक्षिक उपलब्धिको मूल्यांकन भएकाले त्यस मानेमा यसलाई महत्त्वपूर्ण ठानिनुपर्छ। तर, एउटा सिंगो विद्यार्थी वा उसको परिवार वा उसको वरिपरिको समाजका लागि यो परीक्षा यति धेरै ओजिलो किन छ ? किन अन्य परीक्षामा भन्दा यस परीक्षामा पाकेटका पाकेट मिठाइ बाँडिन्छन्, फेसबुक बधाई र स्याबासीका सन्देशले भरिन्छन् ? यो परीक्षामा सफल हुनेले चढेको उचाइ कति हो वा असफल हुनेले झर्नुपर्ने धरातल कति गहिरो हो ?

मैले केही विद्यार्थीलाई यसै प्रसंगमा जिज्ञासा राखें। अधिकांशले यसको उत्तर एकै किसिमले दिए- 'एसईईसँग हाम्रो भविष्य जोडिएको हुन्छ।' एकजनाले भने- 'मैले एसईईको सर्टिफिकेट जीवनका हरेक प्रतिस्पर्धामा प्रस्तुत गर्नुपर्ने हुन्छ। त्यसैले यो कमजोर हुनुहुँदैन।' उसको आत्मविश्वासले भरिएको उत्तरले मलाई छोयो। हामी सधैं विद्यार्थीले कति सिक्यो भनेर सिकाइ उपलब्धिका कुरा गर्छौं तर अन्ततोगत्वा मानव जीवन प्रतिस्पर्धा र अरूलाई उछिन्ने खेलै त रहेछ। आजभन्दा ३०/४० वर्षअघि १० कक्षा उत्तीर्ण भएको व्यक्ति गाउँघरमा पढेलेखेको ठूलो मानिस हुन्थ्यो, शिक्षक बन्थ्यो, सरकारी कर्मचारी बन्थ्यो र समाजमा उसको ठूलै मान प्रतिष्ठा हुन्थ्यो। त्यसबेला पढाइलाई अति कठिन बनाइएको थियो, पढाउने मास्टरसाहेब आयात गर्नुपर्थ्यो, गाउँका ठूलाबडाले आफ्नै घरमा खानबस्न दिएर विद्यालयलाई शिक्षक उपलब्ध गराउँथे। साँच्चिकै पढाइ कठिन थियो, एसएलसी फलामकै गेटसरि थियो। तर जमाना फेरिएको छ। सबै कुरा सहज बन्दै गएको छ। १० कक्षा मात्रै पढ्नुले अब कुनै महत्त्व राख्दैन। पढाइ पनि जीवन र जीविकोपार्जन पनि धेरै प्रतिस्पर्धी बनेको छ। त्यसका लागि धेरै पढ्नुपर्ने, धेरै बुझ्नुपर्ने र धेरै सिक्नुपर्ने बेला आएको छ। उच्चकोटिको शिक्षा र उच्च शिक्षा प्रत्येक मानिसका लागि अपरिहार्य बनेका छन्।

जब कुनै विद्यार्थीले १२ कक्षा उत्तीर्ण गर्छ, त्यसपछि ऊ डाक्टर बन्ने कि ? इन्जिनियर ? वकिल, अर्थशास्त्री, शिक्षाशास्त्री के बन्ने भन्ने कुराले मोड लिन्छ। पढाइ र जीवनको वास्तविक मोड लिने घुम्ती १२ कक्षा नै हो। उच्चकोटिको शिक्षा र उच्च शिक्षा प्रत्येक मानिसका लागि अपरिहार्य बनेका छन्।

जब कुनै विद्यार्थीले १२ कक्षा उत्तीर्ण गर्छ, त्यसपछि ऊ डाक्टर बन्ने कि ? इन्जिनियर ? वकिल, अर्थशास्त्री, शिक्षाशास्त्री के बन्ने भन्ने कुराले मोड लिन्छ। पढाइ र जीवनको वास्तविक मोड लिने घुम्ती १२ कक्षा नै हो। त्यसकारण ११ र १२ कक्षालाई अत्यन्तै मेहेनत गरेर पढ्नुपर्दछ। अब त्यसो भए, एसईईको कुनै महत्त्व छैन त ? भन्ने जिज्ञासा विद्यार्थीमा उब्जिएला। पढाइ त प्रत्येक कक्षाकै महत्त्वपूर्ण हुने भइहाल्यो। तर, कक्षा १० एउटा अर्को महत्त्वपूर्ण मोड हो जसले ११ र १२ मा कुन विषय पढ्ने ? कुन विषय पढ्न योग्य हुने ? भन्ने निर्धारण गर्दछ। त्यसकारण, ११ र १२ को निर्णय एसईईले गर्छ भने आफ्नो पेसागत बाटो समात्ने निर्णय ११ र १२ ले गर्छ। अतः १० कक्षामा अत्यन्त राम्रो नतिजा आउँदा सबैथोक पाएँझैं गरी मात्तिनु वा थोरै तल पर्दैमा सबै नासियोझैं गरी आत्तिनु हुँदैन। कक्षा ११ र १२ लाई बेस्सरी मेहेनत गरी पढेमा गुमेको मनोबल फेरि प्राप्त गर्न पनि सकिन्छ र जीवन पनि सफल हुन्छ। जीवनका धेरै मोडमध्ये एसईईको मोड महत्त्वपूर्ण र मार्गदर्शक मोड भए तापनि निर्णायक मोडचाहिँ होइन। यसबाट धेरै विद्यार्थी हतोत्साहित र विचलित भएको देखिन्छ, तर त्यसो नगरी आफ्नो मेहेनतलाई अझ बुलन्द बनाउनुपर्दछ। पक्कै पनि एसईईको उपलब्धि नै कमजोर भएमा आगामी दिन बढी कठिनतम् हुनेछन्, त्यसमा भने हेक्का रहोस्।

१०० जनालाई पूर्ण छात्रवृत्ति
कलेज अफ सेन्ट्रल स्टेटमा

क्याम्पस प्रमुख
रमेश घिमिरे

सेन्ट्रल स्टेट एजुकेशन फाउण्डेशनद्वारा सञ्चालित कलेज अफ सेन्ट्रल स्टेटले नेपालको शैक्षिक क्षेत्रमा छुट्टै र विशिष्ट पहिचान बनाइ सकेको छ । १५ वर्ष अगाडिदेखि शैक्षिक क्षेत्रमा ख्यातिप्राप्त शिक्षक र विशुद्ध प्राज्ञिक व्यक्तिहरुको सक्रियतामा काठ्माडौंको कालिमाटीमा यस कलेजको स्थापना भएको हो । स्थापनाकालदेखि नै अभिभावक र विद्यार्थीको पहिलो रोजाइमा पर्दै आएको यस कलेजमा एस.ई.ई. उत्तीर्ण विद्यार्थीलाई आफ्नो ग्रेड अनुसारको विषय छनौट गरी पढ्न पाइन्छ ।

भौतिक रुपमा कलेज अफ सेन्ट्रल स्टेट जति सुविधा सम्पन्न छ । शैक्षिक रुपमा त्यतिकै सक्षम र सबल पनि छ । भुकम्प प्रतिरोधी भवन, प्रोजेक्टर र सिसिटिभी जडान गरिएका उज्याला र फराकिला कक्षाकोठा, सुविधा सम्पन्न पुस्तकालय, व्यवस्थित प्रयोशाला, कम्प्युटर ल्याव, सेमिनार हल, हाइजेनिक क्याफ्टेरिया, शुद्ध पिउने पानी, सुविधा सम्पन्न खेल मैदान, राजधानीका सबै क्षेत्रसम्मको यातायात सुविधा छात्र र छात्राका लागि होस्टल, शैक्षिक, प्रशासनिक, लेखा, परामर्श कोठाको विशेष व्यवस्था भएको यो कलेजका सम्पूर्ण शैक्षिक कार्यक्रमहरु प्राज्ञिक नीतिअनुसार सञ्चालित छन् ।

यस कलेजमा **10+2** मा **Science, Management, Humanities, Education & Law** समूहका साथै **BA, BSW, BBS, BCA & MBS** सम्मका कक्षाहरु सञ्चालनमा छन् । शैक्षिक कार्यक्रमअनुसार देशभरिबाट उच्चशिक्षा हासिल गर्न भनि भर्ना भएका विद्यार्थीलाई विश्वस्तरमै प्रतिस्पर्धी बनाउन ज्ञानसीप र दृष्टिकोण प्रदान गर्नु यस कलेजको मुख्य शैक्षिक उद्देश्य हो ।

यहाँ शैक्षिक क्यालेन्डर अनुसार निर्माणात्मक तथा निर्णयात्मक परीक्षा प्रणालीद्वारा विद्यार्थीको मूल्याङ्कन गरिन्छ । समय समयमा अभिमुखीकरण तालिम अभिभावक भेला, कार्यशाला, फिल्ड रिसर्च, गरी सिकाइलाई व्यवहारिक र जीवन उपयोगी बनाउन विद्यार्थीलाई पढाइमा सक्रिय सहभागी गराउन Participatory र Project Based कक्षाहरु संचालन गरिन्छ । विद्यार्थीको Individual Care गर्नु कलेजको अर्को महत्वपूर्ण विशेषता हो । **कानुन विषय**समेत पढाइ हुने यहाँ विद्यार्थीको रुचि र समाजको आवश्यकतालाई ध्यानमा राखि उचित परामर्श र भविष्य निर्माणका लागि बाटो देखाइन्छ । अध्ययनरत विद्यार्थीलाई जीवन उपयोगी शिक्षा दिदै आएको यस कलेजमा परिपक्क र अनुभवि शिक्षकहरुको टिम छ ।

कक्षा १२ को पढाइ पश्चात मेडिकल प्रवेश परीक्षा, इन्जिनियरिङ्ग प्रवेश परीक्षा, विदेशी दुतावासद्वारा लिइने छात्रवृत्तिको विशेष तयारी र उचित परामर्श दिइने यस कलेजले यस वर्ष विभिन्न कोटाअनुसार **१०० जना विद्यार्थीलाई १००% छात्रवृत्ति**को सुविधा दिइने कलेजका प्रमुख रमेश घिमिरेले बताउनुभयो । जसमा पढाइमा उत्कृष्ट, दुर्गम जिल्लाबाट उच्च शिक्षा लिन आएका, प्राकृतिक प्रकोपबाट प्रभावित, पढाइका अलावा अतिरिक्त प्रतिभा भएका विद्यार्थीलाई उक्त छात्रवृत्ति सुविधा उपलब्ध गराइने छ । **'शिक्षासँगै संस्कार पनि, अध्ययनसँगै अवसर पनि'** भन्ने भनाइलाई आत्मसाथ गरिएको यस कलेजमा अध्ययनरत विद्यार्थीहरु चरित्रवान, राष्ट्रसेवक कर्मचारी उद्यमी, समाजसेवी, उद्योगी, व्यवसायी बनेर संसारभर पुग्न सफल भएका छन् । विद्यार्थीको सिर्जनशीलतालाई सकेसम्म जीवन उपयोगी बनाउन सकियोस भनेर मनोवैज्ञानिक परामर्श, करियर काउन्सिलिङ, कमजोर विद्यार्थीलाई Extra Class र पृष्ठपोषण, अभिभावकसँगको नियमित सम्पर्क, जिम्मेवारपूर्ण सिकाइका लागि अनुभवि शिक्षक, त्रैमासिक परीक्षाका आधारमा छात्रवृत्ति, अतिरिक्त क्रियाकलापका साथ खेलकुद र ट्यालेन्ट सो जस्ता नियमित गतिविधिले गर्दा अरु कलेज भन्दा फरक किसिमको शैक्षिक वातावरण भएकाले एकपटक अभिभावक र विद्यार्थीलाई कलेज Visit गर्न विशेष अनुरोध गरिन्छ ।

KATHMANDU COLLEGE OF CENTRAL STATE
कलेज अफ सेन्ट्रल स्टेट
Kalimati, Kathmandu
977 1 4278342, 4278965
info@centralstatecollege.edu.np
www.centralstatecollege.edu.np

"Knowledge, Wisdom & Humanity"
Estd. 1988
Kathmandu College of Central State

KATHMANDU COLLEGE OF CENTRAL STATE
कलेज अफ सेन्ट्रल स्टेट

Admission Open for Grade XI

SCIENCE
MANAGEMENT
HUMANITIES
EDUCATION
LAW

Morning & Day Shift

Form Distribution: 11th Ashad onwards
Entrance Exam: 16th Ashad, Saturday
2nd Entrance Exam: 20th Ashad, Wednesday
(Scholarship Test will be held on the day of Entrance)

100% Scholarship for 100 deserving students



Kalimati, Kathmandu
977 1 4278342, 4278965
info@centralstatecollege.edu.np
www.centralstatecollege.edu.np